Regd. No.: 67/050/51 CDO, 1399/050/51 SWC

# राष्ट्रिय अपाङ्ग महासंघ-नेपाल
## NATIONAL FEDERATION OF THE DISABLED-NEPAL (NFDN)
Member: Disabled Peoples' International (DPI): Asia Pacific Disability Forum (APDF)
(Towards Inclusive, Barrier Free and Right Based Society for the Persons with Disabilities)

Ref.: च.न.४०/०७६/०७७

मितिः २०७६/७/१ गते

सञ्चारकर्मी ज्युहरु

**प्रेश विज्ञप्ती**

राष्ट्रिय अपाङ्ग महासंघ नेपालको संघीय कार्यसमितको तेश्रो बैठक मिति २०७६ साल आश्वीन २९ र ३० गते कपिलवस्तुको ठाकुरपुरामा सम्पन्न भएको छ । अपाङ्गता भएका ब्यक्तिका अधिकारको लागि बिगत २६ वर्षदेखी अनवरत रुपमा जनवकालत गर्दै आइरहेको यस महासंघले थुप्रै उपलब्धिहरु हासिल गरेको छ । अपाङ्गता भएका ब्यक्तिको अधिकार सम्बन्धी महासन्धी, नेपालको संविधान २०७२ मा अपाङ्गताका सवालहरुको सम्बोधन, अपाङ्गता भएका ब्यक्तिका अधिकार सम्बन्धी ऐन २०७४, समावेशी शिक्षा नीति, पहुँचयुक्त भौतिक संरचना एव सञ्चार सेवा निर्देशिका, अपाङ्गता मैत्री सञ्चार निर्देशिका, स्थानीय सरकार सञ्चालन ऐनमा अपाङ्गता सम्बन्धी ब्यवस्था लगायत अपाङ्गताको क्षेत्रमा दर्जनौ ऐन कानूनहरुको निर्माण भएको छ । तर मौजुदा ऐन कानूनहरुको प्रभावकारी कार्यान्वयन नहुँदा अपाङ्गता भएका ब्यक्तिले ती अधिकारहरु प्राप्तिको अनुभूति गर्न सकेका छैनन । कार्यान्वयन भए पनि नगण्य मात्रामा भएको छ भन्ने बैठकले ठहर गरि देहायका बिषेश प्रस्ताव पारित गरेको छ ।

**पारित बिषेश प्रस्तावहरु निम्न रहेका छन ।**

१. अपाङ्गता भएका ब्यक्तिको अधिकार सम्बन्धी नियमावली र अपाङ्गता सम्बन्धी दश वर्षे नीति तथा कार्ययोजना अबिलम्ब पारित गरि कार्यान्वयन गर्न जोडदार माग गर्दछ ।
२. विभिन्न राजनैतिक दलहरूसँग अपाङ्गता भएका व्यक्तिको राजनैतिक अधिकारको संरक्षण र सम्बर्धनको लागि भातृ संस्थाहरूसँग सहकार्य गर्ने ।
३. अपाङ्गता भएका बिस्थापित शिक्षकहरूको पुनर्वहालिको लागि सरकारसँग जोडदार माग गर्दछ ।
४. अपाङ्गता भएका व्यक्तिद्वारा संचालित संस्थाहरूको विकासको लागि राज्यले सहयोग गर्ने नीति अवलम्बन गर्न सरकारसँग माग गर्दछ ।

Central Office: Bhrikutimandap, Kathmandu, Nepal, Post Box No.: 9188, Tel. : +977 1 4231159 Fax : +977 1 4229522
E-mail: info@nfdn.org.np, Website: www.nfdn.org.np

५. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, नियम, नीति र कानुनहरूको प्रभावकारी कार्यान्वयन गराइ र सी.आर.पी.डी. अनुकुल नयाँ नीतिहरू निर्माण गरि सी.आर.पी.डी. को कार्यान्वयन गर्न जोडदार माग गर्दछ ।

६. दिगो विकासका लक्ष्य हासिल गर्न राज्यद्धारा तय गरिएका सूचकहरुमा अपाङ्गता सम्बन्धी सूचकहरु थप गरि त्यसको कार्यान्वयनको अवस्था मापन गर्न जोडदार माग गर्दछ ।

७. अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐनमा भएको व्यवस्था अनुसार पालिकास्तरमा अपाङ्गता समन्वय समिति र प्रदेश स्तरमा प्रदेश समिति चाँडो भन्दा चाँडो गठन गरि ऐनले दिएका अधिकारहरू कार्यान्वयन गर्न जोडदार माग गर्दछ ।

८. अपाङ्गता परिचयपत्रमा देखिएको दुरूपयोग हटाउन र परिचयपत्र देशभरीमा एकरूपमा ल्याउन सरकारसँग छफलफ अगाडी वढाउने ।

९. जनगणनामा अपाङ्गता भएका व्यक्तिहरूको तथ्याङ्क संकलन गर्न वासिङ्गटन ग्रुप प्रश्नावली थप गर्न सरकारसँग माग गर्दछ ।

..........................

राजु बस्नेत

महासचिव